नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राजस्व अनुसन्धान विभाग

# राजस्व अनुसन्धान कार्यालय

पथलैया, बारा

## लिलाम बिक्रीको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी ७ (सात) दिने सूचना

सूचना दर्ता नं. २४८-०८१/८२

सूचना प्रकाशित मिति २०८२/०१/०८

यस कार्यालयको सूचना दर्ता नं. २४८-०८१/८२ को राजस्व चुहावट मुद्दामा कार्यालयको कब्जामा रहेका तपसिल बमोजिमका मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामै सिलबन्दी दरभाउपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले नियमानुसार दर्ता भएका इच्छुक फर्म तथा कम्पनीबाट निम्न शर्तहरुको अधीनमा रही राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को नियम २६ बमोजिम लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र सम्बन्धी कागजातहरु खरिद गर्न निवेदन साथ नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति सहित रु. २,०००/- फिर्ता नहुने गरी **बैंक भौचर वा अनलाईन** (राजस्व भुक्तानी पोर्टल https://revenue.fcgo.gov.np/ -अन्य प्रशासनिक सेवा शुल्क- राजस्व शीर्षक १४२२९) मार्फत भौचर सृजना गरी यस कार्यालयको **कार्यालय कोड ३०१०५२१०१** मा रकम जम्मा गरी रकम बुझाएको भौचर संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयको लिलाम शाखाबाट कार्यालय समयमा दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. आफूले कबोल गर्ने दरभाउपत्र सम्बन्धी कागजातहरु कम्पनी तथा साझेदारी फर्मको हकमा आधिकारिक प्रतिनिधि र व्यक्तिगत फर्मको हकमा प्रोप्राईटर आफैं वा निजले अख्तियारी दिएको आधिकारिक व्यक्तिले सहिछाप गरी सिलबन्दी खाम बाहिर "श्रीमान प्रमुख अनुसन्धान अधिकृत, राजस्व अनुसन्धान कार्यालय, पथलैया, बारा" र माथिपट्टी सूचना नं. र आ.व. उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन मध्यान्ह १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र राजस्व अनुसन्धान कार्यालय, पथलैया, बारामा दर्ता गर्न सकिनेछ। यसरी दर्ता हुन आएका दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन १७:०० बजे कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका दरभाउपत्रदाता आफैं वा आधिकारिक प्रतिनिधिको रोहवरमा राजस्व अनुसन्धान कार्यालय, पथलैया बारामा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. आफूले कबोल गरेको रकमको १० प्रतिशतलेै हुन आउने धरौटी वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, कलैया बाराको राष्ट्रिय वाणिज्य बैंक, कलैया शाखामा रहेको धरौटी खाता नं. १२६०१००१०२०३०००० मा कार्यालयको कोड नं.- ३०१०५२१०१ उल्लेख गरी फर्मको नामबाट रकम जम्मा गरेको सक्कल भौचर नै दरभाउपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।

शाखा अधिकृत

४. आफूले कबोल गरेको मूल्य (मु.अ.कर वाहेकको रकम) अङ्क र अक्षर दुबैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा जुन बढि छ सोहीलाई मान्यता दिइनेछ ।

५. दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम दाखिला गरी सामान उठाई लैजानु पर्नेछ ।

६. मालसामानको भौतिक अवस्था हेर्न चाहेमा कार्यालय समयमा सम्पर्क गरी हेर्न सकिनेछ । दरभाउपत्र खरिद गर्नेहरूले मात्र मालसामानहरू हेर्न सक्नेछन् ।

७. दरभाउपत्रसम्बन्धी कागजातहरु खरिद/दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरु भोलिपल्ट कार्यालय समयमा हुनेछ ।

८. यस कार्यालयको नाममा धरौटी खातामा रकम जम्मा गर्ने तर दरभाउपत्रसाथ धरौटी भौचर पेश नगर्ने, दरभाउपत्र फाराममा विवरण नभरी धरौटी भौचर संलग्न गरी पेश गर्ने, यो सूचना प्रकाशित हुनुभन्दा अघि नै धरौटी दाखिला गर्ने तथा दरभाउपत्र नै पेश नगरी धरौटी माग गर्न आउने फर्महरूको धरौटी रकम फिर्ता गर्न कार्यालय बाध्य हुने छैन ।

९. यस सम्बन्धी अन्य कुराहरू बुझ्नुपर्ने भएमा यस कार्यालयमा कार्यालय समयमा आई बुझ्न सकिनेछ। यस सम्बन्धी अन्य कुराहरू प्रचलित ऐन नियमानुसार हुनेछ ।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

**तपशील**

| क्रसं | सू.द.नं. | मालबस्तुको विवरण | न्युनतम मूल्य (मू. अ. कर वाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | २४८-०८१/८२ | लेडिज टपसेट १६०१ पिस, लेडिज सुट ८० पिस, लेडिज टप ११६० पिस, चिल्ड्रेन सुट १९८ पिस, सुटिंग क्लोथ ४४५ मिटर, कटन साडी ८८ पिस, टि-सर्ट ४५४ पिस, हाफ पेन्ट ४१ पिस | १९,४५,२४४।- | |

शाखा अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
राजस्व अनुसन्धान विभाग
राजस्व अनुसन्धान कार्यालय
पथलैया, बारा